# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

☎०२१-४३४२५९
०२१-४३४२१३


प.सं. २०८०/०८१
च.नं.

मितिः २०८०।०४।०६

**नदीजन्य पदार्थको अवैध चोरी निकासी सम्बन्धी दण्ड जरिवानाको सूचना**

प्रस्तुत विषयमा प्रचलित कानुनले बन्देज गरेको नदिजन्य पदार्थको चोरी निकासी कसुर गरे गराएमा कोशी प्रदेश सरकारबाट जारी आर्थिक अध्यादेश, २०८० को अनुसूची-१० मा उल्लिखित तपशिल बमोजिमको दण्ड जरिवाना हुने हुदाँ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.स. | कसुरको किसिम | दण्ड जरिवाना रु |
|---|---|---|
| १. | (क) विना अनुमति मेशिन र औजार प्रयोग गरी उत्खनन् वा संकलन गरेको पाइएमा, वा<br>(ख) तोकिएको भन्दा बढी गहिराईमा उत्खनन् गरेमा, वा<br>(ग) नदीको वहाव परिवर्तन गरी उत्खनन गरेमा (प्रति मेशिन वा साधन), वा<br>(घ) निषेधित क्षेत्रमा उत्खनन् वा संकलन गरेमा, वा<br>(ङ) नदीजन्य पदार्थ वा प्राकृतिक स्रोतको नियम विपरित उत्खनन्, निकासी वा विक्रि गरेमा, वा<br>(च) विहान ६ बजे अघि र बेलुका ६ बजे पश्चात उत्खनन् वा संकलन गरेमा | १,००,०००।- जरिवाना, उत्खनन् वा संकलन गरिएको सामाग्री जफत र तोकिएको बिक्रि शुल्कको दोब्बर शुल्क अशुल गरिने |
| २. | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश गरी उत्खनन् वा संकलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | (क) मेशिन, स्काभेटर, ब्याक हो लोडर | २,००,०००।- |
| | (ख) ट्रिपर वा ट्रक | १,००,०००।- |
| | (ग) मिनी ट्रक | ७५,०००।- |
| | (घ) ट्र्याक्टर | ५०,०००।- |
| ३. | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | ५०,०००।- |
| ४. | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय (भण्डारण) गरेमा | ५०,०००।- |
| ५. | क.सं. २ देखि ४ सम्मको कसुर पुनः दोहोऱ्याएमा | तोकिएको जरिवानाको दोब्बर दण्ड जरिवाना |
| ६. | (क) पानी, हिलो, धलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य सामग्रीको ढुवानी गरेमा, वा<br>(ख) प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा वा भ्याट बिल र चलान पुर्जी साथमा रहेको नभेटिएमा वा<br>(ग) उत्खनन, बिक्रि वा ढुवानी अभिलेख नराखेमा, उत्खनन स्थलमा सूचना पाटी नराखेमा | ५,०००।- प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

☎०२१-४३४२५९
०२१-४३४२१३


प.सं. २०८०/०८१
च.नं.

| | | |
|---|---|---|
| ७. | (क) निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको अनुमतीपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निस्सा साथमा नभेटिएमा, वा<br>(ख) प्रचलित कानूनले अनुमती दिएको क्षमता भन्दा बढी ढुवानी गरेमा, वा<br>(ग) रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा संख्यामा ढुवानी गरेमा, वा<br>(घ) खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी सञ्चालक वा खानीजन्य उद्योगको चलान पुर्जा विना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रबाट उत्खनन गरेको पदार्थ ढुवानी गरेमा | १५,०००।—प्रति पटक,पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| ८. | जिल्ला अनगुमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्रि परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिवाना | २५।- रुपैया प्रति घनफिट |
| ९. | (क) नदीजन्य प्राकृतिक स्रोत साधन प्रशोधन गर्न उद्योगले प्रचलित कानून वा मापदण्ड विपरित क्रसिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्न उद्योग सञ्चालन गरेमा (वार्षिक दण्ड जरिवाना), वा<br>(ख) कुनै निकायमा दर्ता नभई नदि जन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (सुरु मिति देखि गणना हुने गरी हालसम्म), वा<br>(ग) कम्पनी रजिष्ट्रारको कार्यालयमा उद्योग दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदी जन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (सुरु मिति देखि गणना हुने गरी हालसम्म), वा<br>(घ) कम्पनी दर्ता गरी, इजाजत लिई प्रशोधन उद्योग सञ्चालन गरेतापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुने गरी) | ठूला उद्योग १,००,०००।-<br>मझौला उद्योग ७५,०००।-<br>साना उद्योग ५०,०००।- |
| १०. | यस अनुसूची बमोजिमको कसूर मानिने कार्य गरेको सुराकी दिनेलाई जरिवाना वापत प्राप्त रकमको दश प्रतिशत पुरस्कार स्वरुप दिइनेछ ।साथै कसूर मानिने कार्य गर्नेलाई पक्राउ गरी जरिवाना गराई बझ्याउन व्यक्ति वा संस्थालाई जरिवानाबाट प्राप्त रकमको पच्चीस प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ। | |

प्रमुख प्रशासकीय अधिकृत